प्रदेश सरकार
**सुदूरपश्चिम प्रदेश**
**सामाजिक बिकास मन्त्रालय**
# शिक्षा विकास निर्देशनालय
**राजपुर, दिपायल, नेपाल**

फोन नं. ०९४-४४०१३५
फ्याक्स नं. ०९४-४४०३०९
Emial Id : rdfwred@gmail.com

प.सं.: २०७७/०७८
च.नं. २४५

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालय राजपुर,दिपायल, डोटी २०७५

मिति:२०७७।०९।२१

विषय: सूचना टाँस तथा आवेदन संकलन सम्बन्धमा ।

श्री सामाजिक विकास कार्यालय ९ वटै
सुदूरपश्चिम प्रदेश ।

उपरोक्त सम्बन्धमा यस निर्देशनालयको आ.व.२०७७-०७८को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस प्रदेश अन्तर्गतका क्याम्पसहरुमा उच्च शिक्षामा अध्ययन गर्ने अपाङ्ग विद्यार्थीहरुका लागि छात्रवृत्ति र डुम, मुसहर र चमार समुदाय तथा प्रदेश भित्र पहिंचान भएका अति सिमान्तकृत एवम् लोपोन्मुख जात जातिका विद्यार्थीका लागि स्नातक र स्नात्तकोत्तर अध्ययन छात्रवृत्तिको कार्यक्रम रहेकोले यसै पत्र साथ संलग्न सूचनाहरु तहाँको सूचनापाटीमा टाँस गरी तहाँ जिल्ला स्थित क्याम्पसहरुलाई जानकारी गराइ क्याम्पसमा अध्ययनरत सम्बन्धित विद्यार्थीहरुबाट आवेदन संकलन गरी यस निर्देशनालयमा पठाउन हुन अनुरोध छ ।

२०७७।९।२१

गणेश बहादुर सिंह
निमित्त निर्देशक

**बोधार्थ:**
श्री सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक बिकास मन्त्रालय
**शिक्षा विकास निर्देशनालय**
राजपुर, दिपायल, नेपाल

फोन नं. ०९४-४४०१३५
फ्याक्स नं. ०९४-४४०३०९
Emial Id : rdfwred@gmail.com

प.सं.: २०७७/०७८
च.नं.

मितिः २०७७।०९।२१

विषयः उच्च शिक्षामा अध्ययन गर्ने अपाङ्ग विद्यार्थीहरुले छात्रवृत्तिका लागि आवेदन दिने सम्बन्धी सूचना ।

उपरोक्त सम्बन्धमा यस निर्देशनालयको आ.व.२०७७-०७८को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस प्रदेश अन्तर्गतका सामुदायिक तथा सरकारी क्याम्पसहरुमा स्नातक तथा स्नात्तकोत्तर तहमा अध्ययनरत अपाङ्ग विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम रहेकोले तपसिलमा उल्लेखित कागजातहरु सहितको आवेदन यो सूचना प्रकासित भएको मितिले ३०(तीस) दिन भित्र सम्बन्धित जिल्लाको सामाजिक विकास कार्यालय वा यस निर्देशनालयमा पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

गणेश बहादुर सिंह
निमित्त निर्देशक

**आवेदन साथ पेश गर्नु पर्ने कागजातहरु:**

१. सम्बन्धित विद्यार्थीको अपाङ्गता देखिने फोटो सहितको निवेदन
२. अपाङ्गताको श्रेणी खुल्ने परिचय पत्र
३. सम्बन्धित क्याम्पसले निज विद्यार्थी नियमित रहेको कुनै पनि अन्य निकायबाट छात्रवृत्ति नपाएकोले छात्रवृत्ति उपलब्ध गराइ दिन भनि सिफारिस गरेको पत्र
४. नेपाली नागरिकताको प्रमाण पत्र
५. स्नातक तहको हकमा प्रमाणपत्र तह उत्तीर्ण गरेको र स्नातकोत्तर तहका लागि स्नातक तह उत्तीर्ण गरेको प्रमाणपत्रहरुको प्रतिलिपिहरु
६. निवेदकको खाता नम्वर र बैंकको नाम स्पष्ट देखिने गरी चेकको प्रतिलिपि अनिवार्य समावेश गर्नु पर्ने

छात्रवृत्तिको प्रकार, विभाजनका आधारहरू र विद्यार्थीले पाउने छात्रवृत्ति शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७-०७८ बमोजिम हुने र म्याद नाघी आएका तथा रितपूर्वक नभएका आवेदन उपर कारवाही नहुने व्यहोरा जानकारी गराइन्छ ।विस्तृत जानकारीको लागि यस निर्देशनालयको वेभसाइट www.eddsp.gov.np मा हेर्न हुन अनुरोध छ ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक बिकास मन्त्रालय
# शिक्षा विकास निर्देशनालय
राजपुर, दिपायल, नेपाल

फोन नं. ०९४-४४०१३५
फ्याक्स नं. ०९४-४४०३०९
Emial Id : rdfwred@gmail.com

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
शिक्षा ... निर्देशनालय

प.सं.: २०७७/०७८
च.नं.

विषयः छात्रवृत्तिका लागि आवेदन दिने सम्बन्धी सूचना ।

उपरोक्तसम्बन्धमा यस निर्देशनालयको आ.व.२०७७-०७८को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस प्रदेश अन्तर्गतका क्याम्पसहरुमा स्नातक तथा स्नात्तकोत्तर तहमा अध्ययनरत सामुदायिक कलेजबाट प्रथम श्रेणीमा स्नातक तह र कक्षा १२ बाट प्रथम श्रेणीमा उत्तीर्ण डुम, मुसहर,चमार तथा प्रदेश भित्र पहिंचान भएका अति सिमान्तकृत एवम् लोपुन्मुख जातजातिका विद्यार्थीहरुका लागि छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम रहेकोले उल्लेखित जातिका सामुदायिक कलेजबाट प्रथम श्रेणी वा २.८ GPA वा सो भन्दा माथिको GPA प्राप्त गरेका विद्यार्थीहरुले तपसिलमा उल्लेखित कागजातहरु सहितको आवेदन यो सूचना प्रकासित भएको मितिले ३०(तीस) दिन भित्र सम्बन्धित जिल्लाको सामाजिक विकास कार्यालय वा यस निर्देशनालयमा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०७७/५/२९
गणेश बहादुर सिंह
निमित्त निर्देशक

<u>आवेदन साथ पेश गर्नु पर्ने कागजातहरु:</u>

१. सम्बन्धित विद्यार्थीको फोटो सहितको निवेदन
२. विद्यार्थी अध्ययनरत क्याम्पस सामुदायिक भएको व्यहोरा खुल्ने सम्बन्धित क्याम्पसको सिफारिस पत्र
३. सम्बन्धित क्याम्पसले निज विद्यार्थी नियमित रहेको कुनै पनि अन्य निकायबाट छात्रवृत्ति नपाएकोले छात्रवृत्ति उपलब्ध गराइ दिन भनि सिफारिस गरेको पत्र
४. नेपाली नागरिकताको प्रमाण पत्र
५. सामुदायिक कलेजबाट स्नातक तहको हकमा प्रमाणपत्र तह र स्नातकोत्तर तहका लागि स्नातक तह प्रथम श्रेणी वा २.८ GPA वा सो भन्दा माथिको GPA प्राप्त गरेको प्रमाणपत्रहरुको प्रतिलिपिहरु
६. निवेदकको खाता नम्वर र बैंकको नाम स्पष्ट देखिने गरी चेकको प्रतिलिपि अनिवार्य समावेश गर्नु पर्ने
७. सम्बन्धित जिल्ला प्रशासन कार्यालय, स्थानीय नगरपालिका/गाउँपालिकाबाट आवेदक डुम, मुसहर, चमार जातजातिका तथा प्रदेश भित्र पहिंचान भएका अति सिमान्तकृत एवम् लोपुन्मुख वर्गको भएको व्यहोरा खुल्ने आवश्यक कागजातहरु

<u>छात्रवृत्तिको प्रकार, विभाजनका आधारहरू:</u> कार्यक्रम तथा बजेटको परिधि भित्र रही उच्चतम अंक/ GPA प्राप्त विद्यार्थीलाई प्राथमिकताक्रममा राखि छात्रवृत्तिका लागि छनौट गरी मासिक रु२५००।का दरले १० महिना बराबरको रकम विद्यार्थीको बैक खातामा उपलब्ध गराइनेछ ।साथै म्याद नाघी आएका तथा रितपूर्वक नभएका आवेदन उपर कारवाही नहुने व्यहोरा जानकारी गराइन्छ ।विस्तृत जानकारीको लागि यस निर्देशनालयको वेभसाइट www.cddsp.gov.np मा हेर्न हुन अनुरोध छ ।

| क्रियाकलाप नं. क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| केन्द्रमा पठाउने ।<br>ख) राष्ट्रिय योजना आयोगले तय गरेको योजना निर्माण विधि र प्रक्रिया अनुसार योजना निर्माण गर्ने । | | |
| **क्रियाकलाप २.७.१३.१० विद्यालयहरूलाई विपत् व्यवस्थापनका लागि अनुदान**<br>क) प्रदेश अन्तर्गतका विद्यालयहरूमा आइपर्न सक्ने विभिन्न विपत्का समयमा विद्यार्थीको सिकाइ निरन्तरताका लागि आपतकालीन योजना निर्माण तथा अद्यावधिक गर्ने,<br>ख) योजनामा उल्लेखित प्रतिकार्य क्रियाकलापहरूको प्राथमिकीकरण गरी विपत्बाट भौतिक क्षति पुगेका विद्यालयहरूको विवरण यकीन गरी तत्काल विद्यालय सञ्चालन गर्न भौतिक पूर्वाधार निर्माणका लागि विद्यालयलाई अनुदान दिने । विपत्बाट विद्यार्थीको पाठ्यपुस्तक लगायतका सिकाइ सामग्रीमा पुगेको क्षति यकीन गरी सामग्री व्यवस्थापनका लागि सहयोग उपलब्ध गराउने,<br>ग) वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ अनुसार कोभिड-१९ को प्रभावका कारण भएको/हुन सक्ने शैक्षिक क्षति न्यूनीकरण गर्न सिकाइ निरन्तरताका लागि निर्देशिकाको उद्देश्य अनुरूप क्रियाकलाप सञ्चालन गर्ने, गराउने,<br>घ) यस शीर्षकमा वित्तीय हस्तान्तरण भएको अनुदानको बढीमा ५ प्रतिशतसम्म बजेटबाट सामाजिक विकास मन्त्रालयले विपत् जोखिम न्यूनीकरणका लागि वृहत विद्यालय सुरक्षा न्यूनतम प्याकेज अभिमुखीकरण, सामग्री निर्माण तथा वितरण लगायतका कार्यक्रमहरू सञ्चालन गर्न/गराउन सकिनेछ । | • सामाजिक विकास मन्त्रालय<br>• शिक्षा विकास निर्देशनालय | • विकास भएका निर्देशिका, मापदण्ड तथा प्रारूपको सङ्ख्या |
| **शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (व.उ.शी.नं. 35000011)** | | |
| **क्रियाकलाप ७.२.५.१ उच्च शिक्षामा अध्ययन गर्ने अपाङ विद्यार्थीका लागि छात्रवृत्ति**<br>क) शिक्षा विकास निर्देशनालयले सरकारी तथा सामुदायिक क्याम्पमा उच्च शिक्षा अध्ययन गर्ने अपाङ्ग विद्यार्थीका लागि छात्रवृत्ति छनोटका लागि सूचना प्रकाशन गर्ने ।<br>ख) प्राप्त निवेदनको आधारमा अपाङ्गताको लेखाजोखा गरी छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी छनोट गर्ने ।<br>ग) छनोट भएका विद्यार्थीहरूलाई अपाङ्गताको प्रकृति अनुसार यस निर्देशिकाको स्थानीय तह अन्तर्गतको को अपाङगता विद्यार्थीको वर्गीकरणमा उल्लेख भएको अपाङ्ग विद्यार्थीको वर्ग अनुरूप छात्रवृत्ति वापतको रकम विद्यार्थीलाई बैङ्क खातामा उपलब्ध गराउने । | • सामाजिक विकास मन्त्रालय<br>• शिक्षा विकास निर्देशनालय | • छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी सङ्ख्या<br>• बैङ्क स्टेटमेन्ट |
| **क्रियाकलाप २.४.९.२ सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूलाई स्वीकृत कार्यविधिका आधारमा अनुदान** | • सामाजिक विकास मन्त्रालय | • अनुदान प्राप्त गरेका |

| क्रियाकलाप नं. क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| क) बजेट प्राप्त भएको प्रदेशले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यविधिको मापदण्ड अनुरूप पुस्तकालय छनोट गरी बजेट उपलब्ध गराउने ।<br>ख) पुस्तकालयको गतिविधिलाई नियमित अनुगमन गरी सोको प्रगति शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा पठाउने । | • पुस्तकालय | पुस्तकालय सङ्ख्या |
| **क्रियाकलाप ७.२.३.२ डुम मुसहर र चमार समुदाय तथा प्रदेश भित्र पहिचान भएका अतिसीमान्तकृत एवम् लोपुन्मुख जातजातिका विद्यार्थीका लागि स्नातक र स्नातकोत्तर अध्ययन छात्रवृत्ति**<br>क) शिक्षा विकास निर्देशनालयले सामुदायिक कलेजबाट प्रथम श्रेणीमा स्नातक तह र कक्षा १२ बाट प्रथम श्रेणीमा उत्तीर्ण गरेका तथा अक्षरांकन प्रणाली अनुसार २.८ GPA वा सोभन्दा माथिको GPA प्राप्त गरेका डुम, मुसहर र चमार अतिसिमान्तकृत एवम् लोपुन्मुख जातजातिका विद्यार्थीका लागि छात्रवृत्ति छनोटका सूचना प्रकाशन गर्ने ।<br>ख) कार्यक्रम तथा बजेटको परिधिभित्र रही उच्चतम अङ्क/ GPA प्राप्त विद्यार्थीलाइ प्रथामिकताक्रममा छात्रवृत्तिका लागि छनोट गरी मासिक रू. २,५००/- का दरले १० महिना वरावरको रकम विद्यार्थीको बैङ्क खातामा उपलब्ध गराउने ।<br>ग) छात्रवृत्ति प्राप्त विद्यार्थीलाइ क्याम्पस अध्ययनको निरन्तरताको विवरण पेस गर्न लगाउने । | • सामाजिक विकास मन्त्रालय<br>• शिक्षा विकास निर्देशनालय<br>• क्याम्पस एवम् विद्यालय | • छनोट भएका विद्यार्थी सङ्ख्या<br>• बैङ्क स्टेटमेन्ट |
| **क्रियाकलाप २.७.१३.१६ प्रदेशको आवश्यकता अनुरूप हुने गरी कृषि र निर्माण लगायतका विषय क्षेत्रमा सिपमूलक तालिम पाठ्यक्रम विकास र कार्यान्वयन**<br>क) प्रदेशमा रहेका प्राविधिक शिक्षालय लगायतका सरोकारवालाहरूको सहभागितमा कृषि तथा निर्माण क्षेत्रलाइ केन्द्रित गरी सिपमुलक तालिमको विषयवस्तुको पहिचान गर्ने,<br>ख) पहिचान भएका विषयवस्तुको क्षेत्रमा पाठ्यक्रम विकासका प्रक्रियागत चरण अवलम्वन गरी पाठ्यक्रम विकास तथा स्वीकृत गर्ने,<br>ग) स्वीकृत तालिम पाठ्यक्रमका आधारमा प्रदेशभित्रका युवाहरू मध्ये वैदेशिक रोजगारीबाट फर्केकालाई प्रथामिकता दिई प्राविधिक शिक्षालाय मार्फत् तालिम सञ्चालन गर्ने । यस कार्यका लागि रकम अपुग भएमा प्रदेश स्तरबाट समेत स्रोतको व्यवस्था गर्नसकिनेछ । | • सामाजिक विकास मन्त्रालय<br>• शिक्षा विकास निर्देशनालय<br>• प्राविधिक शिक्षालय | • विकास भएका पाठ्यक्रम<br>• तालिम प्राप्त जनशक्ति |
| **क्रियाकलाप २.७.१३.८ स्थानीय तहसँगको समन्वय र साझेदारीमा विद्यालय समायोजन/एकीकरण गरी पायक पर्ने विद्यालयलाई आधारभूत पूर्वाधार सहित ठुला विद्यालय विकासगर्न गुरूयोजना/DPR तयारी**<br>क) प्रदेश भित्रका स्थानीय तहरूलाइ कार्यक्रमको जानकारी गराई ठुला विद्यालय स्थापना गर्न इच्छुक स्थानीय तहबाट निम्नानुसारका मापदण्ड पुरा गर्ने सर्त सहितको प्रस्ताव माग गर्ने : | • सामाजिक विकास मन्त्रालय<br>• शिक्षा विकास निर्देशनालय | • छनोटको सूचना<br>• छनोट भएका विद्यालय<br>• विकास भएका DPR |